**मिति २०७३।०८।१२ गतेको न.पा. बोर्ड बैठक**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री गोपाल प्रसाद रेग्मीज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री गोपाल प्रसाद रेग्मी - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | - | ब.ई., सि.न.पा. |
| श्री विवेक कुमार खनाल | - | ब.अ., सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | - | ब.अ., सि.न.पा. |
| श्री यमलाल पाण्डे | - | ब.ई, सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | - | शाखा अधिकृत, सि.न.पा. |
| श्री प्रभात ज्ञवाली | - | कम्प्युटर अधिकृत, सि.न.पा. |
| श्री योगराज पन्थी | - | ना.सु.का.वा.अध्यक्ष, कर्मचारी एशोसिएसन |

**निर्णय नं. १ (एक)**

यस नगरपालिका क्षेत्र भित्र ट्राफिकवाट सिफारिश भई आएको क्षेत्रहरुमा सवारी पार्किङ्ग गरि राखिएको सवारी साधनहरुको राजश्व परामर्श समितिको सिफारिश अनुसार मासिक रु.१००,०००।- (एक लाख) मा नघटने गरि सवारी पार्किङ्ग शुल्क देहायको दररेटमा ठेक्कामा लगाउन २०७४ साल अषाढ मसान्त सम्मको लागि ठेक्का बन्दोबस्त गर्न सुचना आव्हान गर्ने निर्णय गरियो ।

**देहाय : (दररेट)**

| | |
|---|---|
| क. मोटरसाईकल | रु. १०।- (दश) |
| ख. जिप, कार र भ्यान | रु. २०।- (बिस) |

**निर्णय नं. २ (दुई)**

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७४।०७५ को बजेट तथा कार्यक्रम स्वीकृतीका लागी २० औं नगरपरिषद बैठक मिति २०७३ साल पौष २७ गते बुधवारका दिन १.०० बजे सिद्धार्थनगर नगरपालिका कार्यालयमा आयोजना गर्ने निर्णय गरियो ।